अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति: २०८०।११।२२ गते, समय: ११:३० वजे दिनको, बैठक संख्या: ४७**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: अमरगढी ४ मा अवस्थित टुडिखेलको स्तरबृद्धि गर्ने निर्णय रद्ध गर्ने सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं ४ अवस्थित टुडिखेलको स्तरबृद्धि गर्न अनुमतिकोलागि नेपाली सेना श्री रणबम गण दह ब्यारेक डडेलधुरालाई अनुरोध गर्ने भनि मिति २०८०।१०।२८ मा निर्णय भएकोमा हाललाई उक्त निर्णय रद्ध गर्ने।

**प्रस्ताव नं. ३**: रजिष्टेशन शुल्क बांडफांड सम्बन्धमा।

**निर्णय:** श्री मालपोत कार्यालय डडेल्धुराको च नं ४३२ मिति २०८०।११।८ को पत्र मार्फत रु २५४६७८७।६० प्राप्त भएकोमा ७ प्रतिशतले हुने रकम रु १ लाख ७८ हजार मालपोत कार्यालय डडेल्धुरालाई खर्च फिर्ता गर्ने।

**प्रस्ताव नं. ४**: अमरगढी किल्लाको मर्मत संभार सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं ५ स्थित ऐतिहांसिक अमरगढी किल्ला जिर्ण भएको हुंदा उक्त किल्लाको जिर्णोद्धारकालागि जिल्ला समन्वय समिति डडेल्धुराले विनियोजन गरेको रु ५ लाखमा साझेदारी गर्न रु ५ लाख मर्मत संभार कोषबाट खर्च गर्ने।

**प्रस्ताव नं. ५**: अनुगमन समिति सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाकामा संचालित योजना तथा कार्यक्रमहरु स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप अनुगमन तथा सुपरिवेक्षण गर्न गठित अनुगमन समितिमा कार्यपालिकाबाट तोकिने सदस्यहरुलाई पुर्नगठन गरि कार्यपालिका सदस्य श्री विष्मा गैराल र श्री मानमति धामीलाई तोक्ने।

२०८०।११।२२

प्रमुख प्रशासकीय अधिकृत